# हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपाल

# सुरक्षित आप्रवासन परियोजना (SaMi)

## परियोजना कार्यान्वयनका लागि स्थानीय गैर सरकारी संस्थाबाट

## **प्रस्ताव आह्वान**

नेपाल सरकार तथा स्वीट्जरल्याण्ड सरकार वीच ५ जुलाई २०१३ मा भएको द्विपक्षीय परियोजना सम्झौता अन्तर्गत स्वीस सरकार विकास सहयोग (एस.डी.सी)को आर्थिक सहयोगमा १६ जुलाइ २०१३ देखि १५ जुलाइ २०१७ सम्म जम्मा ४ बर्षको लागि सुरक्षित आप्रवासन परियोजना (सामी) कार्यान्वयनको क्रममा रहेको छ। यो परियोजना जम्मा १९ वटा जिल्लाहरुमा संचालन हुनेछ जसमा नेपाल सरकार, श्रम तथा रोजगार मन्त्रालयले संवन्धित जिल्ला विकास समितिहरु मार्फत् ९ जिल्लाहरुमा र हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपालले काठमाडौं लगायत १० जिल्लाहरुमा परियोजना कार्यान्वयन गर्नेछ।

हेल्भेटास स्वीस इन्टरकोअपरेशन नेपालले कार्यक्रम कार्यान्वयन गर्ने ९ जिल्लाहरुमध्ये पहिलो वर्ष रामेछाप, नवलपरासी र कैलाली जिल्लाहरुमा वैदेशिक रोजगारीमा जान इच्छुक महिला तथा पुरूषहरुलाई आवश्यक सही सूचना प्रदान गरी उनीहरुको जानकारपूर्ण स्वनिर्णय गर्ने क्षमताको विकास गर्न मद्दत गर्ने लक्ष्य लिएको छ जसले गर्दा सम्बन्धित व्यक्तिहरूले आफुलाई ठगिने, झुक्किने र शोषित हुने अवस्थाबाट जोगाउन सक्दछन्। यस परियोजनाले कसैलाई पनि वैदेशिक रोजगारीका लागि उत्साहित वा हतोत्साहित गर्ने नभई वैदेशिक रोजगारीमा जाने निर्णय गरेका ब्यक्तिहरुको प्रयासलाई सुरक्षित तथा उपलब्धिमूलक बनाउन सहयोग पुर्‍याउने छ। साथै परियोजनाले ठगी तथा शोषणमा परेका व्यक्तिहरुलाई निःशुल्क कानुनी सेवा, वैदेशिक रोजगारमा गएर शारिरीक, मानसिक तथा श्रम शोषणमा परेका महिलाहरूलाई मनोसामाजिक परामर्श तथा छोटो अवधिका लागि सुरक्षित आवासको व्यवस्था, विदेशमा समस्यामा परेका आप्रवासी कामदारहरुलाई सहयोग, निःशुल्क सीप विकास तालिम, बैदेशिक रोजगारीबाट प्राप्त हुने आम्दानीको सदुपयोग तथा बैदेशिक रोजगारीको सामाजिक लागत न्यूनीकरण गर्ने तर्फ विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष्य लिएको छ।

उक्त परियोजना अन्तर्गत **रामेछाप, नवलपरासी** र **कैलाली** जिल्लामा (क) **सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी सूचना तथा परामर्श केन्द्र एवं सामाजिक परिचालन कार्यक्रम** र (ख) **विद्यालय तथा आम सञ्चारका कार्यक्रम** सञ्चालन गर्न अलग अलग स्थानीय गैर सरकारी संस्थाहरु आवश्यक परेकोले इच्छुक स्थानीय संस्थाहरुबाट प्राविधिक तथा आर्थिक प्रस्ताव आह्वान गरिएको छ। परियोजना प्रस्ताव तयारीका लागि आवश्यक निर्देशिकासहितको शर्तनामा (ToR) http://www.helvetasnepal.org.np/ बाट डाउनलोड गर्न सकिनेछ। सो गर्न असमर्थ संस्थाहरुले sami@helvetas.org.np मा ईमेल गरी प्राप्त गर्न सक्नेछन्।

कुनै एउटै संस्थाले दुवै विषयमा प्रस्ताव पेश गर्न पाउने छैन। सम्बन्धित जिल्लामा दर्ता भई कम्तीमा २ वर्षदेखि क्रियाशील स्थानीय संस्थाले मात्र प्रस्ताव पेश गर्न पाउने छन्।

**प्रस्ताव पेशगर्नुपर्ने अन्तिम मिति:** २०७० साल मंसिर २३ गते आइतबार (८ डिसेम्बर २०१३), नेपाली समय अपरान्ह ५:०० बजेभित्र। तोकिएको मितिपछि पठाइएको प्रस्तावलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

**प्रस्ताव पठाउनुपर्ने स्थान:** सुरक्षित आप्रवासन परियोजना (सामी), पो. ब. नं. ६८८, शान्ति मार्ग, घर नं. १, सानेपा, ललितपुर।